बैठक संख्या- ४०

आज मिति २०८१।०८।०५ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्युको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

| | |
|---|---|
| १. श्री राजु थापा | - अध्यक्ष |
| २. श्री तेज बहादुर थापा | - उपाध्यक्ष |
| ३. श्री खड्क बहादुर थापा | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री विद्यापति शर्मा | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री कुल बहादुर वि.क. | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री लक्ष्मण पुन | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री श्यामनाथ कँडेल | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री बृहस्पति शर्मा | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री प्रेम बहादुर जि.सी. | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री प्रमानन्द कँडेल | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री टिका संग्रह वि.क. | - कार्यपालिका सदस्य |
| १२. श्री क्षमा देवी पुन | - कार्यपालिका सदस्य |
| १३. श्री सुनकली वि.क. | - कार्यपालिका सदस्य |
| १४. श्री पूर्णमाया सुनार | - कार्यपालिका सदस्य |
| १५. श्री गिता देवी वि.क. | - कार्यपालिका सदस्य |
| १६. श्री देवी थापा मगर | - कार्यपालिका सदस्य |
| १७. श्री पूर्ण बहादुर कार्की | - सचिव एवं प्र.प्र.अ. |

अन्य उपस्थिति :-

| | |
|---|---|
| १. श्री माधव शर्मा | - ले.अ. |
| २. श्री मनोज कार्की | - प्रशासन |
| ३. श्री गंगा कुमारी थापा | - स्वकीय सचिव |
| ४. श्री अञ्चला थापा | - MIS अपरेटर |

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णयहरू:-**

**निर्णय नं. १.**

विधायन समितिमा छलफल पश्चात निर्णयका लागि पेश हुन आएको तपसिल अनुसारको कार्यविधि आजको कार्यपालिकाको वैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

क) लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१

**निर्णय नं. २.**

काठेखोला गाउँपालिका भित्र सञ्चालन हुने सवारी साधनको काठेखोला गाउँपालिका यातायात भाडा दर निर्धारण समितिको निर्णय अनुसार निर्धारण गरेको भाडा दर कार्यान्वयन नगरेका वडाहरूले भाडा दर निर्धारण गरी गाउँपालिकामा जानकारी गराउने निर्णय गरियो।

**निर्णय नं. ३.**

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम गत आर्थिक वर्ष ०८०/८१ मा काठेखोला गाउँपालिका वडा नं. २, ३ ६ र ७ मा सञ्चालन रहेको र चालु आ.व. ०८१/८२ मा वडा नं. १, ४, ५ र ८ मा उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रमको लागि रिटर्नि स्वंयमसेवक २ (दुई) जना करार नियुक्ति प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ४.**

काठेखोला गाउँपालिकामा स्थायी प्राविधिक कर्मचारीहरूको पद रिक्त भएकोले करारमा प्राविधिक कर्मचारीहरू नियुक्ति गरिएकोमा हाल गण्डकी प्रदेश लोक सेवा आयोगबाट स्थायी प्राविधिक कर्मचारीहरू सिफारिस भई नियुक्ति भएकोले हाल कार्यरत तपसिल अनुसारका करार प्राविधिक कर्मचारीहरू संग गरिएको करार सम्झौता मिति २०८१ मंसिर १६ गते देखि लागु हुने गरि बदर गर्ने निर्णय गरियो।

**तपशिल:-**

क) सव ईन्जिनियर मनोज किसान

ख) सव ईन्जिनियर अंकित कुमार वि.क.

ग) असिस्टेन्ट सव ईन्जिनियर गौरव थापा

घ) असिस्टेन्ट सव ईन्जिनियर वाम बहादुर के.सी.

**निर्णय नं. ५.**

कृषि तथा पशु उद्यमशिलता विकास परियोजना साझेदारी कार्यक्रमको लागि प्रस्ताव आव्हान गरिएकोमा आर्थिक तथा प्राविधिक रूपले हेफर प्रोजेक्ट नेपाल/ विवाईसीको प्रस्ताव अरू भन्दा प्रभावग्राही देखिएकोले मिति २०८१/०७/२८ गते कार्यालयमा प्रस्ताव स्वीकृत गर्ने आशयको पत्रको सूचना प्रकाशित भएकोमा कुनै उजुरी नपरेकोले सो प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६. अनुमोदन सम्बन्धमा**

क) अध्यक्ष संग शैक्षिक सुधार कार्यक्रम अन्तर्गत

- युनिक आ.वि. छाना छाउने वडा नं. ३. – रू. २,००,०००।–
- ग्राम विकास आ.वि वडा नं. ५.- रू. २,५०,०००।–

ख) मर्मत सम्भार शिर्षक अन्तर्गत

- सरवाटा घुम्टी देखी देउराली सम्मको बाटो मर्मत सम्भार वडा नं. ७ रू. १,५०,०००।–
- एकपाटा, दोविल्ला, सुल्डाँडा बाटो मर्मत तथा ग्राभेल र कालीदह खेल मैदान वडा नं. १-६ रू. ४,००,०००।–
- बुछुङ सल्लेरी बाटो मर्मत वडा नं. ७ रू. २,५०,०००।–

काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

- भूदिखोला पहिरो नियन्त्रण वडा नं. ८ रू. ४,७५,०००।-

ग) असोज र कार्तिक मसान्त सम्मको सवारी साधन तथा मोटरसाईकको इन्धन खर्च रू. ३,०४,३६०।-
(जे.सि.भि. रू. १,५१,१५६।–, ध १ झ १५ रू. २१,५४०, ध १ झ २२ रू. ४१,५४९।-, ध १ च १२०९ रू. ४६,०२६।-, ग १ च ११०२ रू. ९,३९५।-, मोटरसाईकल र अन्य रू. ३४,६९४।-)

घ) २०८१ श्रावण १ गते देखी हाल सम्म सवारी साधन मर्मत सम्भार खर्च रू. १४,९८,७८३।९६
(ध १ झ २२ – रु. १,४८,७५५।०८, ध १ झ १५ – रू. ६,६५,५३१।७६, ध १ च १२०९ – रू. ४०,०००।-, ग १ ग २१६- रू. ३,५०,४०१।७०, मोटरसाईकलहरूको जम्मा मर्मत रू. २,९४,०९५।४२ )

**निर्णय नं. ७.**

यस काठेखोला गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका व्यक्तिहरूको विभिन्न मितिमा वर्षको कारण घर पुर्ण क्षति भएकोले मनसुन जन्य विपद् प्रभावित लाभग्राही कायम गरिदिनको लागी जिल्ला प्रशासन कार्यालय बागलुङमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

| _index | Recommended construction type | Province Name | District Name | Municipality Name | House Owner Name | remarks | Ward No | Survey Date |
|---|---|---|---|---|---|---|---|---|
| 107228 | Reconstruction | Gandaki Province | Baglung | Kathekhola Rural Municipality | लाल बहादुर रोका | पुर्ण रुपमा छयति | 8 | 2024-10-22 |
| 107280 | Resettlement | Gandaki Province | Baglung | Kathekhola Rural Municipality | गौमति सुनार | पुनर्निर्माण | 8 | 2024-10-22 |
| 107281 | Reconstruction | Gandaki Province | Baglung | Kathekhola Rural Municipality | पातली दर्जी | पुनर्निर्माण | 2 | 2024-10-22 |
| 107285 | Reconstruction | Gandaki Province | Baglung | Kathekhola Rural Municipality | डल्ली खड्का | पुनर्निर्माण | 1 | 2024-10-22 |

**निर्णय नं. ८.**

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको चलानी न. २८, मिति २०८१/०४/०४ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरूको जैविक पहिचान गरी लाभग्राही एकिन गर्ने परिपत्र अनुसार काठेखोला गाउँपालिकाले मिति २०८१/०८/१० गते देखि गाउँ पालिकाको कार्यालय तथा प्रत्येक वडाबाट बायोमेट्रिक डिभाईस मार्फत लाभग्राही एकिन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९. विविध**

क) चालु आ.व. २०८१/०८२ को गौरवको योजना अन्तर्गत खोराखोला सुनापोखरी मौरीभिर गौस्वाँरा खोला वडा नं. ५ को मोटरबाटो स्तरोन्नती रू. ५०,००,०००।– को योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

ख) चालु आ.व. ०८१/८२ को प्रथम चौमासिकमा सञ्चालित योजना तथा कार्यक्रमको आजको वैठकमा समिक्षा गरियो ।

ग) आर्थिक वर्ष ०८१/८२ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई वडा नं. ५ को वडा कार्यालयमा मिति २०८१ मंसिर १६ गते सरोकारवालको उपस्थितिमा गर्ने ।